# संघीय संसद
# राष्ट्रिय सभा

दोस्रो अधिवेशन

**बैठक संख्या - ३०**

**सूचना पत्र - २**

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल असार २४ गते आइतबार

संघीय संसद, राष्ट्रिय सभाको दोस्रो अधिवेशनको तीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा विहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय बद्री प्रसाद पाण्डेले बोल्नको लागि समय माग गर्नु भएको हुदाँ उहाँलाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विनियोजन विधेयक, २०७५" अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न विनियोजन शीर्षकहरु माथिको छलफलका क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम प्रारम्भ भएको घोषणा गर्दै माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटालाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय कोमल वलीलाई समय उपलब्ध गराउनु भयो ।

त्यसैगरि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटालाई अनुमति दिँदै सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय उपप्रधानमन्त्री उपेन्द्र यादवले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय डा. विमला राई पौडयाल र माननीय अनिता देवकोटालाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले, माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उपप्रधानमन्त्री उपेन्द्र यादवलाई अनुमति दिँदै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले माननीय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री चक्रपाणी खनाललाई कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री चक्रपाणी खनालले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय बलराम प्रसाद बाँस्कोटा, माननीय धन कुमारी खतिवडा, माननीय रामपृत पासवान, माननीय कोमल वली र माननीय रामचन्द्र राईलाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले, माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री चक्रपाणी खनाललाई अनुमति दिँदै कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेललाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय विमला राई पौडयाल र माननीय बद्री प्रसाद पाण्डेलाई समय उपलब्ध गराउनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेललाई अनुमति दिँदै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय उदया शर्मा/पौडेललाई समय उपलब्ध गराउनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवलाई दिँदै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय बद्री प्रसाद पाण्डे र माननीय हरिचरण शिवाकोटीलाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई अनुमति दिँदै वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

त्यसपछि,सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री रामबहादुर थापालाई गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री रामबहादुर थापाले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय प्रकाश पन्थ र माननीय रामपृत पासवानलाई समय उपलब्ध गराउनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय गृह मन्त्री रामबहादुर थापालाई अनुमति दिदैं गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्रप्रसाद अधिकारीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

त्यसपछि , सम्माननीय अध्यक्षले माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्रप्रसाद अधिकारीले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय खेमराज नेपाली, माननीय रामपृत पासवान र माननीय युटोल तामाङलाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्रप्रसाद अधिकारीलाई अनुमति दिँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) लाई युवा तथा

खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा)ले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय प्रकाश पन्थ र माननीय दिल कुमारी रावल थापा (पार्वती) लाई समय उपलब्ध गराउनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टिकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर सुनार (विश्वकर्मा)लाई अनुमति दिँदै युवा तथा खेलकुद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय डा. विमला राई पौडयाल, माननीय रामपृत पासवान र माननीय प्रकाश पन्थलाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितलाई अनुमति दिँदै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री शेरबहादुर तामाङलाई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरु माथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनु भयो ।

त्यसैगरी, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री शेरबहादुर तामाङले दिनु भएका जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सिंग बहादुर विश्वकर्मा र माननीय अनिता देवकोटालाई समय उपलब्ध गराउनु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरुले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री शेरबहादुर तामाङलाई अनुमति दिँदै कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल समाप्त भएको घोषणा गर्नु भयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७५ अन्तर्गत आगामी बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, सहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय, र उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरु माथि माननीय सदस्यहरुले उठाउनु भएका विषयका सम्बन्धमा सम्बन्धित मन्त्रीबाट जवाफ दिने कार्यक्रम रहेको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको बैठक २०७५ साल असार २५ गते सोमबार विहान ११:०० बजे बस्ने गरी दिनको ३:५० बजे स्थगित भएको घोषणा गर्नु भयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव